दैनिक गोरखापत्रमा प्रकाशित मिति २०७३/०८/०१ गते बुधवार।

नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिको

## उच्चशिक्षा छात्रवृत्ति सम्बन्धी सूचना

यस विकास समितिद्वारा आ.व. २०७३/०७४ मा राज्यभरका उच्च शिक्षामा अध्ययनरत दलित समुदायका विपन्न, गरीब, जेहेन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति वितरण गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशित भएको मितिले तिस (३०) दिन भित्र तपसिलमा उल्लेख गरिएको विवरण सहितको दरखास्त दिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। म्याद नाघी आएका र यथार्थ विवरण उल्लेख नभएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ।

१. **छात्रवृत्ति उपलब्ध गराईने शैक्षिक तह र विद्यार्थी संख्या :**

| क.सं. | बिषय | संख्या |
|---|---|---|
| १. | मध्यमस्तरीय तालिम सबै | १५ |
| २. | + २ अप्राविधिक सबै | २०० |
| ३. | प्रमाणपत्र प्राविधिक<br>स्टाफ नर्स/एच.ए./डिप्लोमा ईन फार्मेसि/आई.ई./ल्याबटेक्नोलोजी/आई.एस्सी एग्रीकल्चर/ फरेष्ट्री/ डिप्लोमा ईन ईन्जिनियरिङ्ग/रेडियोग्राफी | ५० |
| ४. | स्नातक अप्राविधिक सबै<br>एल.एल.बि./बिए.एल.एल.बि./बि.बि.एं./बि.सि.ए./बि.एच.एंम./बि.टि.टि.एम./बि.आई.एम. बि.ए./बि.बि.एस./बि.एड./बि.एस्सी./बि.एस.डब्लु | ४० |
| ५. | स्नातक प्राविधिक<br>M.B.B.S, B.E, B.D.S., BScAg, BSc Forestry, B.V.Sc., BSc Nursing , PBBN,BMLT, BSc Radiography, B.Pharmacy | ७० |
| ६ | स्नातकोत्तर अप्राविधिक सबै<br>LLM, MA, MSc, MEd, MBS/MBA, MBSW | २० |
| ७ | एम.फिल<br>Education – 2<br>Humanities – 3<br>Management – 1<br>Science - 1<br>Engineering - 1 | ८ |
| ८ | पि.एच.डी. | २ |
| | जम्मा संख्या | ४०५ |

२. **निवेदनमा खुलाउनु पर्ने विवरणहरु :**

क. निवेदकको आमा/बावुको नाम, थर, स्थायी र अस्थायी ठेगाना।

ख. निवेदकको पारिवारिक चल अचल सम्पत्तिको विवरण

ग. परिवारमा कोही जागिरे (सरकारी, गैरसरकारी, बैदेशिक रोजगार ) वा पेशा, व्यवसाय सँलग्न भए अनिवार्य उल्लेख गर्नुपर्ने

३. **निवेदनका साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

क. निवेदकले उत्तिर्ण गरेको अघिल्लो शैक्षिक तहको प्रमाणपत्रको प्रतिलिपि।

ख. निवेदक अध्ययनरत संकाय/तह, वर्ष, कक्षा, रोल नम्बर र निजले कुनै पनि किसिमको छात्रवृत्ति पाएको छैन भन्ने व्यहोरा खुलेको सम्बन्धित क्याम्पसको सक्कल सिफारिश पत्र र भर्ना भएको रसिद अनिवार्य पेश गनुपर्ने छ।

ग. निवेदक स्वयं वा आमा/वाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

घ. निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्र वा नागरिकता वा निजको आमा/वाबुको वा बाजेको नागरिकतामा समेत दलित समुदायको व्यक्ति भनि स्पष्ट नखुलेमा राष्ट्रिय दलित आयोग वा जिल्ला प्रशासन कार्यालयबाट निवेदक दलित समुदाय भित्रको कुन जातको हो भन्ने स्पष्ट उल्लेख भएको सिफारिश पत्र।

ङ. निवेदक शहिद, वेपत्ता, घाईते, द्वन्द पिडित, अपांग, अनाथ, परिवारको विद्यार्थी भए सो को लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयको सिफारिश अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

कार्यकारी निर्देशक

च. निवेदनको साथै हालसालै खिचिएको पासपोर्ट साईजको फोटो दुई प्रति र अपाङ्ग भए खुल्ने प्रमाण वा फोटो सँलग्न गर्नुपर्ने छ ।

४. **निरन्तरताको हकमा (गत आ.व. मा छात्रवृत्ति पाएका ) :**

क. हाल अध्ययनरत क्याम्पसको तह र बर्ष खुलेको सक्कल सिफारिश पत्र र भर्ना रसिदको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने छ ।

ख. गत आ.व.मा छात्रबृत्ति पाएका विद्यार्थीले जुन शैक्षिक सत्रमा छात्रबृत्ति पाएको हो सो शैक्षिक सत्रका सबै विषय उत्तीर्ण गरेको मार्कसिट पेश गर्नु पर्ने छ ।

ग. गत आ.व.मा छात्रवृत्ति पाएको शैक्षिक शत्रको परीक्षा वा परीक्षाफलको नतिजा सूचनाको म्याद सम्म पनि प्राप्त नभएका विद्यार्थीहरुको हकमा सो शैक्षिक शत्रको परीक्षा समाप्त भई अर्को शैक्षिक शत्रमा नामाङ्कन (भर्ना) भई सक्ने मिति खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

घ. **परिक्षा दिईसकेको विद्यार्थीहरुको हकमा नतिजा प्रकाशित नभएपनि दरखास्त दिन सक्ने तर छात्रबृत्ति रकम प्राप्त गर्न नियमित उत्तीर्ण भएको मार्कसिट अनिवार्य पेश गर्नु पर्ने छ ।**

५. **निवेदन बुझाउने स्थान :**

यस विकास समितिको कार्यालय, कोटेश्वर, काठमाडौंमा बुझाउन सकिनेछ ।

क. नयाँ निवेदक सम्बन्धित तहको प्रथम वर्षमा अध्ययनरत भएको हुनु पर्नेछ ।
ख. निवेदक स्वदेशमा नै अध्ययनरत हुनु पर्नेछ ।
ग. नयाँ निवेदक आ.व.०७३/०७४ मा भर्ना भई अध्ययनरत हुनुपर्ने छ ।
घ. सरकारी/सामुदायिक/गुठी शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई छनौटमा पहिलो प्राथमिकता दिईने छ ।
ङ. समितिको ईमेल तथा फ्याक्स बाट प्राप्त निवेदन दर्ता हुने छैन ।
च. **कागजात पुरा नभएको दरखास्त/फाराम दर्ता हुने छैन ।**

## ६. उच्च शिक्षा छात्रबृत्ति छनौट मापदण्ड निर्धारण निम्न अनुसार गरिने छ ।

समितिले निर्धारण गरेको उच्च शिक्षा छात्रबृत्ति कार्यक्रम संचालन निर्देशिका लगायतल तल उल्लेखित मापदण्डलाई उच्च प्राथमिकता दिईने छ ।

१) शहिद/ बेपत्ता /घाईते/द्वन्द पिडित/अपाङ्ग
२) तराई दलित : डोम, मुसहर, चमार, दुसाध आदि ।
३) पहाडी दलित : बादी र गन्धर्व ।
४) दुर्गम जिल्ला
५) महिला
६) गरीब
७) जेहेन्दार

अन्य विस्तृत जानकारीको लागि यस विकास समितिको कार्यालय कोटेश्वर, पो.व.नं. **८९११ काठमाडौं वा टेलिफोन,०१-५१९९३१७ फ्याक्स नं.०१-५१९९००८** मा पत्राचार गर्नुका साथै समितिको **website ddb.gov.np/** www.mofald.gov.np मा हेर्न र दरखास्त फाराम डाउनलोड गर्न सकिने छ ।

कार्यकारी निर्देशक